आज मिति २०८२ साल फागन २९ गते दिनको १:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ५६ औं बैठक बसि तपशिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन वहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेन्द्रजङ्ग शाही | |

१) स्थानीय शासन कार्य सम्पादन मूल्याङ्कन (LGPAS) को मूल्याङ्कन कार्यका लागि विषयगत शाखा प्रमुखलाई निर्देशन गर्ने सम्बन्धमा ।
२) लिखित जवाफ तथा मुद्धाको प्रतिरक्षा कार्यका लागि अख्तियारी दिने सम्बन्धमा ।
३) शिक्षकको तलवी प्रतिवेदन पारित सम्बन्धमा ।
४) वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धमा ।
५) आ.व.२०८२/०८३ का लागि नेपाल सरकार र प्रदेश सरकारमा आयोजना सिफारिस सम्बन्धमा ।
६) आयोजना कार्यान्वयन तथा अधुरा लगायतका अन्य विषयमा समिक्षा ।
७) सार्वजनिक सुनवाईको मिति र स्थान तय गर्ने सम्वन्धमा ।
८) स्थानीय पूर्वाधार विभाग (LIDPO) मार्फत निर्माणाधिन प्रशासनिक भवन (Design & Estimate) सम्बन्धमा ।
९) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको योजना सम्बन्धमा ।
१०) कर्मचारीको सेवा/ समूह परिवर्तन सम्बन्धमा ।
११.) विविध सम्बन्धमा ।

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा स्थानीय शासन कार्य सम्पादन मूल्यांकन( LGPAS) को मुल्यांकन सम्बन्धी स्वीकृत कार्यविधि बमोजिम कागजातहरु तयार गरि LGPASS को सूचकहरु सम्बन्धि सम्पूर्ण शाखा प्रमुख ज्यूहरुलाई अभिमूखिकरण कार्यक्रम सञ्चालन गरि निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव न. २** माथि छलफल गर्दा यस रास्कोट नगरपालिका रास्कोटं नगरपालिकाको ठेक्का नं. RM/082/083/WORKS/NCB-03 को Construction of Ward No. 5 Office Building Raskot Municipality मा बोलपत्रदाता श्री शिरिसा निर्माण सेवाले उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज इजलासमा यस रास्कोट नगरपालिका कालीकोट , रास्कोट नगरपालिका नगर कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत र इन्जिनियर समेतलाई विपक्षी बनाइ जारी भएको परमादेश र सोको म्याद प्राप्त भएकाले सम्मानित उच्च अदालत तुल्सिपुर, नेपालगंज ईजलासमा उपस्थित भई यस रास्कोट नगरपालिका प्रमुख प्रशासकीय अधिकृत र ईन्जिनियरको तर्फवाट लिखित जवाफ तथा मुद्दा प्रतिरक्षा कार्यका लागि रास्कोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ प्रस्ताव नं. ३** माथि छलफल गर्दा रास्कोट नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गर्न शिक्षा युवा तथा खेलकुद शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ प्रस्ताव नं. ४** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको शान्तिघाट देखि आर.सि.पि. बजार हुदैं देउरामालिका, क्षेत्तडी पाटनसम्मको सडक पुर्वाधार निर्माणका लागि योजनाको EIA गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ प्रस्ताव नं ५ माथि छलफल गर्दा आगामी आ.व. २०८३/०८४ मा कार्यान्वयन गर्ने सशर्त अनुदान तर्फका आयोजनाहरु छनौट गरि नेपाल सरकार र कर्णाली प्रदेश सरकारका सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ प्रस्ताव नं. ६** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको चालु आ.व. २०८२।०८३ मा सञ्चालित विभिन्न आयोजनाहरुको हालसम्मको कार्यान्वयनको अवस्था र सम्झौता भई अधुरा रहेका आयोजनाहरुको विषयमा छलफल गरि अधुरा आयोजनाहरुको स्थलगत अनुगमन गरि तत्कालै सुरुवात गर्न सम्बन्धित ठेकेदार र उपभोक्ता समितिहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ प्रस्ताव नं. ८** माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको गत. आ.व २०८१।०८२ र चालु आ.व. को अर्धवार्षिक सार्वजनिक सुनुवाई मिति......................... गते .................. स्थानमा सञ्चालन गर्ने निर्णय गरियो । उक्त कार्यक्रम सञ्चालनका लागि आवश्यक तयारी तथा व्यवस्थापनको जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने र सार्वजनिक सूनुवाई गर्दा बढी भन्दा बढि आम नागरिकको उपस्थित र उनीहरुको गुनासोहरु लिन सहज र सरल हुने गरि सूचना प्रविधिको प्रयोग गर्ने ।

**निर्णय नं. ८ प्रस्ताव नं.** ८ माथि छलफल गर्दा यस रास्कोट नगरपालिका वडा नं. ५ स्थित स्थानीय पूर्वाधार विकास विभाग ,विरेन्द्रनगर,सुर्खेत मार्फत कार्यान्वयन भईरहेको निर्माणाधिन प्रशासनिक भवनको साविकको डिजाईनमा आवश्यक परिवर्तन गर्ने सम्बन्धमा मिति २०८२/०८/१९ गते नगर प्रमुख श्री धर्मराज शाही ज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयानुसार उक्त भवन आवश्यक परिवर्तन गर्न पर्ने देखिएकाले देहाय वमोजिमका कार्यहरु परिवर्तन गरि सोही बमोजिम निर्माण कार्यलाई तत्काल अगाडी बढाउन स्थानीय पूर्वाधार विभाग कार्यालय, वीरेन्द्रनगर सुर्खेतलाई सिफारिस गर्ने निर्णय गरियो । -

**प्रशासनिक भवनमा परिवर्तन गर्न पर्ने विषयहरुः**

१. पहिलो तलामा रहेको UPVC Portion को सट्टामा Masonary Wall को कार्य गर्ने ।

२. दोस्रो तलाको Truss Work को कार्यलाई तेस्रो तलामा स्थानान्तरण गरी भविष्यमा Multipurpose Hall को रुपमा विस्तार गर्ने ।

३. दोस्रो तलामा रहेको भर्याङ्को Part कार्य हटाई Slab Full Cover गर्ने ।

**निर्णय नं. ९** यस रास्कोट नगरपालिकाको आ.व. २०८२।०८३ का लागि वार्षिक स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार प्रधानमन्त्री रोजगार कार्यक्रम शसर्त अनुदान अन्तर्गत **"आन्तरिक रोजगारी सृजना"**मा विनियोजित बजेट र यस नगरपालिको साझेदारीमा देहाय बमोजिमको योजना स्वीकृत गरी कार्यान्यवन गर्ने निर्णय गरियो। देहायः

१. योजनाको नामः थांवडा देखि बडरुख सम्म पि.सि.सि. बाटो निर्माण योजना , रा.न.पा -६ कालीकोट।

**निर्णय नं. १०** रास्कोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत आन्तरिक लेखा परीक्षण शाखामा कार्यरत आ.ले.प. अधिकृत श्री सुमन न्यौपाने (क.स.न. २३६२९२) ले कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४२ बमोजिम सेवा समूह परिवर्तन गरिपाँउ भनि दिएको निवेदन अनुसार निज कर्मचारीलाई यस रास्कोट नगरपालिका स्वीकृत दरबन्दी बमोजिम रिक्त रहेको लेखा अधिकृत सातौं तहको सामान्य प्रशासन सेवा लेखा समूह अन्तर्गत सेवा समूह परिवर्तनका लागि प्रदेश लोकसेवा आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११** यस रास्कोट नगरपालिकाका विगत लामो समय देखि जिल्ला विकास समितिको कार्यालय हुदै यस नगरपालिकाको कार्यालयमा कार्यरत रहेका श्रेणी विहिन कार्यालय सहयोगी श्री देउमले सार्की रास्कोट न.पा. ३ ले आफ्नो शारीरिक अवस्था र घरायसी समस्याका कारण सेवा निरन्तरता गर्न असमर्थ रहेको भनि दिएको निवेदन बमोजिम निजको सट्टा उहाँकी धर्म पत्नी श्री तुलसी सार्की लाई रास्कोट नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा मिति २०८२ साल चैत्र महिनाको १ गते देखि कामकाज गर्ने गरि करारमा नियुक्ति दिने निर्णय गरियो ।